नगर कार्यपालिकाको
बैठक संख्या २३।२०७९-०८४
मिति २०८०।२।१२ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

बैठक संख्याः २३/२०७९-०८४

मिति २०८० साल जेठ १२ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

क. "नगर स्वास्थ्य प्रवर्धन केन्द्र सञ्चालन कार्यबिधी, २०८० बैठकमा टेबुल भयो । उक्त कार्यबिधीमा कार्यपालिका सदस्यहरुबाट प्राप्त राय सुझाव समेटी अन्तिम मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न सामाजिक विकास समितिलाई जिम्मा दिने ।

ख. नगर स्वास्थ्य प्रबर्धन केन्द्र उद्घाटनका क्रममा भएको खर्चको सामाजिक विकास समितिका संयोजकले स्थलगत अनुगमन गरी भएको यथार्थ खर्च एवं नगर स्वास्थ्य प्रबर्धन केन्द्र सञ्चालनका लागी बिज्ञ आमन्त्रण गरी पटक पटक बैठक एवं छलफल गरी राय सुझाव प्राप्त भएकोमा विज्ञको खर्च समेत नगर स्वास्थ्य प्रबर्धन केन्द्र सञ्चालन खर्चबाट भुक्तानी गर्ने ।

ग. नगर स्वास्थ्य प्रबर्धन केन्द्रलाई व्यवस्थित बनाई सञ्चालन गर्न आवश्यक औषधी खरिद, ल्याब व्यवस्थापन एवं कर्मचारीहरुलाई अभिमुखिकरण गर्न कार्यक्रम निरन्तर गर्ने ।

घ. औषधी खरिद गर्दा चालु आ.ब. २०७९/०८० को संघीय सशर्त तर्फको औषधी खरिद शीर्षकबाट भुक्तानी हुने गरी गर्ने ।

निर्णय नं. ३

सि.इ.आर.डी. नेपाल प्रा.लि., सूर्य विनायक नगरपालिका, बालकोट ३, बागमती प्रदेश, नेपालले यस नगरपालिका भित्रको फोहरमैला व्यवस्थापनका लागी २०७८ सालमा तयार गरी पेश गरेको फोहोरमैला श्रोत परिचालन केन्द्र, कोहलपुर नगरपालिका, बाँके, लुम्बिनी प्रदेशको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन प्रचलित मापदण्ड अनुसार स्थानीयबासीहरुसँग समन्वय गरी योजना सञ्चालन गर्ने गरी IEE स्वीकृत गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७२

नगर कार्यपालिकाको
बैठक संख्या २३/२०७९-०८०
मिति २०८०/२/१२ को
निर्णय प्रमाणित

**निर्णय नं. ४**

चालु आ.ब. २०७९/०८० को हालसम्म भएको खर्चको विवरणका सम्बन्धमा बैठकमा जानकारी गराईयो । आगामी नगरसभाबाट अनुमोदन हुने गरी अनुसूची १ बमोजिम रकमान्तर तथा स्रोतान्तर गर्ने ।

**निर्णय नं. ५**

क. यस नगरपालिकाको योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट विभिन्न योजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगती प्रतिवेदन पेश भई छलफल भयो । चालु आ.ब. २०७९/०८० को २०७९ चैत्र २० गतेदेखि २०८० जेठ १० गतेसम्म पेश भएका विभिन्न १४ वटा योजना तथा कार्यक्रमहरु फरफारक गर्ने ।

ख. विभिन्न शाखा एवं वडाहरुको हालसम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको विवरण एकिन गरी अत्यवाश्यक योजना तथा कार्यक्रम पहिचान गरी चालु आर्थिक वर्षमा सञ्चालन सिफारिसका लागि देहायका पदाधिकारी एवं कर्मचारी रहने गरी ३(तीन) सदस्यीय समिति गठन गर्ने । उक्त समितिमा आवश्यकता अनुसार जनप्रतिनिधी एवं कर्मचारी आमन्त्रित गर्न सकिने ।

<u>तपसिल:</u>

| | |
|---|---|
| श्री लाल बहादुर राना, वडा अध्यक्ष, वडा नं. ८ | - संयोजक |
| श्री हरि कठायत, वडा अध्यक्ष, वडा नं. २ | - सदस्य |
| श्री युवराज अधिकारी, लेखा अधिकृत | - सदस्य सचिव |

**निर्णय नं. ६**

कोहलपुर नगरपालिका भित्र अटो तथा विद्युतीय रिक्सा सञ्चालन व्यवस्थापनका लागि यस नगरपालिकाको अटो तथा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधी, २०७९ को दफा ६ बमोजिम अटो तथा विद्युतीय रिक्सा र म्यानुयल रिक्सा दर्ता गर्ने सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने ।

**निर्णय नं. ७**

कोहलपुर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५ बमोजिम प्रकृया पुरा भएकाले तपसिलमा उल्लेख भए बमोजिमका फर्मलाई "घ" वर्गको इजाजत अनुमति दिने ।

क. दिपिका निर्माण सेवा प्रा.लि., कोहलपुर २, बाँके ।

ख. ए. जय पि. इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि., कोहलपुर ५, बाँके ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २३।२०७९-०८०
मिति २०८०।०२।१२ को
निर्णय प्रमाणित

निर्णय नं. ८

क. यस नगर कार्यपालिकाको मिति २०७९/०५/१० को निर्णयानुसार न्यायिक समितिका लागी कानूनी परामर्शदाता एवं नगरपालिकाको कानूनी सल्लाह तथा परामर्श लिनको लागी कोहलपुर नगरपालिका वडा नं. १० स्थित नेशनल ल फार्म एण्ड इन्भेष्टिगेसन सेन्टरका प्रोपराइटर श्री कर्ण बहादुर के.सी. सँग सम्झौता भई कार्य सम्पादन भईरहेकोमा निजको कार्यसम्पादन प्रतिवेदन संलग्न राखी प्रति महिना रु.५०,०००।- (पचास हजार) मा नबढने गरी २०७९/०५/१० गतेदेखि २०८० असार मसान्तसम्मको लागि सेवा परामर्श खर्च शीर्षकबाट उपलब्ध गराउने ।

ख. यस नगरपालिकाको बेरुजु फछ्र्यौट कार्यका लागि अनुभवी सेवानिवृत्त भू.पु. १(एक) जना बेरुजू फछ्र्यौट कर्मचारी (लेखापाल) ज्यालादारीमा राखी कामकाजमा लगाउने भनी कार्यपालिकाको मिति २०७९/११/०५ मा निर्णय भएकोमा मुसिकोट नगरपालिका वडा नं. ३, पश्चिम रुकुम निवासी सेवानिवृत लेखा अधिकृत श्री खिम बहादुर खत्री क्षेत्रीलाई लेखा अधिकृत रा.प. तृतीय सरहको तलब सुबिधा उपलब्ध हुने गरी मासिक ज्यालादारीमा मिति २०८०/०२/०५ गतेदेखी २०८० असार मसान्त सम्मका लागि कामकाज गराउने ।

ग. यस नगरपालिकामा इलेक्ट्रिसियन सम्बन्धी काम गरेका बिनोद हमालले गरेको कामको पटके रुपमा हालसम्म गरेको कार्यको भुक्तानी गर्ने र निजलाई मिति २०८० जेठ १३ देखि २०८० असार मसान्तसम्म मासिक ज्यालादारीमा काममा लगाई दक्ष कामदार सरहको ज्याला उपलब्ध गराउने ।

निर्णय नं. ९

शिक्षा तथा खेलकुद शाखाको च.नं. ४०४, मिति २०८०/०२/११ को पत्र प्राप्त भएकोमा देहाय बमोजिम गर्ने:

क. यस नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुको लागी जेठ र आषाढ महिनाको प्रति इकाई रु. ८(आठ) का दरले हुन आउने रकम रु.१४,२०,०३२(चौध लाख बिस हजार बत्तिस रुपैयाँ मात्र) सम्बन्धित विद्यालयको नाममा निकासा गर्ने र विद्यालयले सेनेटरी प्याड कार्यबिधी एवं सार्वजनिक खरिद कानून बमोजिम व्यवस्थापन गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

ख. यस कार्यालयबाट आ.ब. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्वीकृत कार्यक्रम तथा बजेट र छात्राहरुको संख्याको

नगर कार्यपालिकाको
बैठक संख्या ...४३। २०७९-०८०
मिति २०८०।२।१२... को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश स्थापना: २०७३

आधारमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद तथा व्यवस्थापन प्रयोजनार्थ आव्हान गरिएको खरिद बोलपत्र र सो सँग सम्बन्धि भए गरेका सम्पूर्ण प्रक्रियाहरु रद्द गर्ने ।

ग. जस्मिन हाइजिन प्रोडक्ट्स प्रा.लि. र नगर कार्यपालिकाको कार्यालय बीच भएको सेनेटरी प्याड सम्बन्धको सार्वजनिक खरिद सम्झौता कार्यपालिकाको पूर्ववत निर्णय बमोजिम रद्द भईसकेको अवस्थामा उक्त प्रा.लि. ले पेश गरेको सम्पूर्ण जमानत रकम जफत गर्ने ।

घ. यस नगरपालिका अन्तर्गत शिक्षण सिकाई सहयोग अनुदान तर्फ कार्यरत शिक्षकहरु(अंग्रेजी, गणित र बिज्ञान) का लागि आ.ब. २०७९/०८० मा बिनियोजित रकम नपुग भएकाले विद्यालयमा सेनेटरी प्याड व्यवस्थापनका लागि निर्णय नं. १० को (क) बमोजिमको रकम विद्यालयमा निकासा गरी सो शीर्षकमा बचत हुन आउने रकम सङ्घीय अनुदान तर्फ कार्यरत शिक्षकहरुको तलब सुबिधामा खर्च गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरमा स्वीकृतिका लागि सिफारिस गरी पठाउने ।

निर्णय नं. १०

चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १२५ सि.नं. ५३७ मा रहेको वडा नं. ७ स्थित जमुनी र लखना जोड्ने डुडुवा खोला झो.पु. वडा नं. १५ स्थित पेडारी नाला बजेट शीर्षकबाट वडा नं. ७ स्थित लखना जोड्ने डुडुवा खोलामा झोलुङ्गे पुल निर्माणका लागी "वडा नं. ७ स्थित जमुनी र लखना जोड्ने डुडुवा खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति" गठन भई सम्झौता समेत भईसकेकाले उक्त उपभोक्ता समितिलाई सम्बन्धित शीर्षकबाट पेश्की उपलब्ध गराउने ।

निर्णय नं. ११

त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परिक्षा नियन्त्रण कार्यालयको भवन निर्माणका लागि लाग्ने नक्सा पास शुल्कमा ५०% छुट दिने भनी यस अघिको कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा कोहलपुर नगरपालिका वडा नं. २ मा निर्माणाधिन उक्त कार्यालयको भवन निर्माणमा लाग्ने नक्सा पास दस्तुर (१००%) शत प्रतिशत छुट दिने ।

निर्णय नं. १२

यस नगरपालिकामा भारी सवारी चालक पदमा कार्यरत सुदिप थारु बिरामी भई नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल, कोहलपुरमा उपचाररत रहेकोमा निजलाई यस नगरपालिकामा थप आर्थिक भार नपर्ने गरी १५(पन्ध्र) दिन तलबी बिरामी बिदा स्वीकृत गर्ने।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको बैठक संख्या २३।२०७९-०८० मिति २०८०।०२।१२ को निर्णय प्रमाणित
कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश स्थापना: २०७३

निर्णय नं. १३

यस नगरपालिकाको ठेक्का नं BANKE/KOMUN/W/NCB-12/077/078 कोहलपुर नगरपालिकाको अस्पताल भवन निर्माणको ठेक्का सम्झौता म्याद २०८०/०१/१५ सम्म रहेकोमा सम्बन्धित ठेकेदार कम्पनीले म्याद थप गरी पाउँ भनी मिति २०७९/१२/२० गते निवेदन पेश गरेकाले उक्त भवन निर्माणको लागी ६(छ) महिना म्याद थप गर्ने ।

निर्णय नं. १४

राष्ट्रिय भूमी आयोगको भुमिहन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा वितरण प्रयोजनार्थ यस नगरपालिकाको वडा नं. २ मा भूमी सम्बन्धी विभिन्न कामकाज गरे वापत भुमी सम्बन्धी अधिकार सम्पन्न समितिको सिफारिसका आधारमा भूमीको बजेटबाट भुक्तानी गर्ने ।

निर्णय नं. १५

आ.ब. २०७९/०८० को सिकलसेल एनिमिया तथा थालेसेमिया रोग सम्बन्धी सिकलसेल समन्वय समितिको बजेट ब्रेकडाउन एवं वडा सिलिङ्मा विनियोजित वडा सिलिङ तर्फ तपसिल बमोजिम वडा समितिबाट निर्णय भै आएको योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

| सिकलसेल (समन्वय समितिको मिति २०८०/०२/०४ को निर्णयानुसार) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | खोप खरिद<br>(रु.१८,००,०००) | - अभिमुखिकरण कार्यक्रम<br>- डकुमेन्टरी<br>- सिकलसेल भवन फर्निसिङ् मर्मत<br>- स्कुटर खरिद<br>- सफ्टवेयर खरिद<br>- ए.सि. खरिद<br>- विविध | ५,००,०००<br>२,५०,०००<br>४,५०,०००<br>३,५०,०००<br>१,००,०००<br>७५,०००<br>७५,००० | |
| वडा.नं. १ (वडा कार्यालयको च.नं. १२४३, मिति २०८०/०२/१२ को पत्रानुसार) | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| २ | विविध कार्यक्रम सि.नं. १०६ को ब्रेकडाउन भई वडा नं. १ स्वास्थ्य (कार्यपालिकाको | कौशिलानगर फुलबारी टोलमा जित बहादुर सार्कीको घरनिर | १,००,००० | सि.नं. १०६ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २३।२०७९-०८४
मिति २०८०।२।१२ को
निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | मिति २०७९/१२/२३ मा) | बनिरहेको अधुरो नाला निर्माण | | |
| वडा नं. ५ (वडा समितिको मिति २०८०/०२/१० मा निर्णय भएको) | | | | |
| ३ | वडा नं. ५ को विविध कार्यक्रम संशोधन भई विविध खर्च तथा भैपरी आउने योजना कायम भएकोमा | - कृष्ण मार्ग भित्री बाटो माटो पटान तथा ग्राभेल<br>- पृथ्वीनगर कामक्षा गिरीको घरदेखि प्रशान्त शाहको जग्गासम्म बाटो ग्राभेल<br>- खेलुकद सामाग्री खरिद(बागेश्वरी स्पोर्टस हाउस कोहलपुर १० | १,२०,०००<br>१,००,०००<br>१७,००० | |
| वडा नं ६ (वडा समितिको कैफियतमा उल्लेखित मितिको निर्णयानुसार) | | | | |
| ४ | वडा नं. ६ को मर्मत संभार तथा विविध खर्च<br>वडा नं. ६ को मर्मत संभार तथा विविध खर्च बाट शिक्षा क्षेत्रको विकास<br>वडा नं. ६ को मर्मत संभार तथा विविध खर्च | - सिद्धार्थ मा.बि.मा सरस्वती मन्दिर निर्माण<br>- सिद्धार्थ मा.बि.मा सरस्वती मन्दिर निर्माण<br>- वडाको विभिन्न स्थानको बाटो ग्राभेल तथा मर्मत | १,००,०००<br>१,००,०००<br>२,००,००० | वडा समितिको २०७९/०५/०६ को निर्णय<br>२०८०/०२/१० को निर्णय<br>वडा समितिको २०७९/११/१३ को निर्णय |
| ५ | वडा नं. ६ भैपरी आउने तथा लक्षित वर्ग कार्यक्रम (सि.नं. १५६) | अपाङ्ग लक्षित कार्यक्रम (एक महिने बुटिक तालिम) | २,००,००० | २०८०/०२/१० को निर्णय |
| वडा नं. १५ (वडा समितिको मिति २०७९/१२/२६ मा निर्णय भएको) | | | | |
| ६ | वडा नं. १५ को पुँजिगत भैपरी आउने खर्च (सि.नं. २६६) | - सानो ड्युव टुवेलको लागि अपुग रकम<br>- गायत्री परियारलाई सहयोग रकम<br>- वडाको विभिन्न टोल बस्तिको बाटोमा माटो पटान तथा ग्रावेल<br>- भैपरी आउने खर्च | १,००,०००<br>५०,०००<br>२,५०,०००<br>१,०५,००० | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १ (९)

नगर कार्यपालिकाको
बैठक संख्या ..........
मिति ..........को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बाँके
कार्यालयको कोड : ८०५५७४०१३००

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | घटाउने | बढाउने | अन्तिम बजेट |
|---|---|---|---|---|---|---|---|
| ८०५५७४०११०१ कोहलपुर नगरपालिका | | | | | | | |
| | | | | | | | |
| १ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार | 500000 | | | 500000 |
| २ | पारिश्रमिक कर्मचारी | २१११११ | आन्तरिक श्रोत | 10000000 | | | 10000000 |
| ३ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | 40000000 | 1000000 | | 39000000 |
| ४ | पारिश्रमिक कर्मचारी | २११११ | आन्तरिक श्रोत | | | 4500000 | 4500000 |
| ६ | पोशाक | २११२१ | राजस्व बाँडफाँड - संघीय सरकार | 1800000 | 900000 | | 900000 |
| ७ | महंगी भत्ता | २११३२ | राजस्व बाँडफाँड - संघीय सरकार | 2000000 | | | 2000000 |
| ८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | आन्तरिक श्रोत | 1000000 | 500000 | | 500000 |
| ९ | अन्य भत्ता | २११३९ | राजस्व बाँडफाँड - संघीय सरकार | 700000 | 250000 | | 450000 |
| १० | पदाधिकारी बैठक भत्ता | २११४१ | आन्तरिक श्रोत | 4500000 | | | 4500000 |
| ११ | पदाधिकारीअन्य सुबिधा | २११४२ | आन्तरिक श्रोत | 20000000 | | | 20000000 |
| १२ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २१२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | 2500000 | 2500000 | | 0 |
| १३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २१२१३ | राजस्व बाँडफाँड - संघीय सरकार | 500000 | 500000 | | 0 |
| १४ | कर्मचारी कल्याण कोष | २१२१४ | राजस्व बाँडफाँड - संघीय सरकार | 1000000 | | | 1000000 |
| १५ | पानी तथा बिजुली | २२१११ | राजस्व बाँडफाँड - संघीय सरकार | 3300000 | 500000 | | 2800000 |
| १६ | पानी तथा बिजुली | २२१११ | आन्तरिक श्रोत | 200000 | | 500000 | 700000 |
| १७ | संचार महसुल | २२११२ | राजस्व बाँडफाँड - संघीय सरकार | 800000 | | | 800000 |
| १८ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | 2000000 | | | 2000000 |
| १९ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | आन्तरिक श्रोत | 1000000 | | 1500000 | 2500000 |
| २० | सवारी साधन मर्मत खर्च | २२२१३ | राजस्व बाँडफाँड - संघीय सरकार | 1000000 | | | 1000000 |
| २१ | सवारी साधन मर्मत खर्च | २२२१३ | आन्तरिक श्रोत | 1000000 | | 500000 | 1500000 |
| २२ | बिमा तथा नवीकरण खर्च | २२२१४ | राजस्व बाँडफाँड - संघीय सरकार | 800000 | | | 800000 |
| २३ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | राजस्व बाँडफाँड - संघीय सरकार | 1000000 | | | 1000000 |
| २४ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार | 2500000 | | | 2500000 |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ..........
मिति .......................... को
निर्णय प्रमाणित

अनुसूची १ (२)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना २०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | आन्तरिक श्रोत | 1000000 | | 1000000 | 2000000 |
| २६ | इन्धन - अन्य प्रयोजन | २२३१४ | राजस्व बाँडफाँड - संघीय सरकार | 200000 | 100000 | | 100000 |
| २७ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार | 1200000 | 200000 | | 1000000 |
| २८ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | आन्तरिक श्रोत | | | 500000 | 500000 |
| २९ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | राजस्व बाँडफाँड - संघीय सरकार | 1500000 | | | 1500000 |
| ३० | सेवा र परामर्श खर्च | २२४११ | राजस्व बाँडफाँड - संघीय सरकार | 3000000 | | | 3000000 |
| ३१ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | राजस्व बाँडफाँड - संघीय सरकार | 500000 | 250000 | | 250000 |
| ३२ | करार सेवा शुल्क | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार | 30000000 | 3500000 | | 26500000 |
| ३३ | करार सेवा शुल्क थप | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार | 3500000 | 3500000 | | 0 |
| ३४ | करार सेवा शुल्क | २२४१३ | आन्तरिक श्रोत | 10000000 | | 3500000 | 13500000 |
| ३५ | सरसफाईसेवा शुल्क | २२४१४ | राजस्व बाँडफाँड - संघीय सरकार | 500000 | 400000 | | 100000 |
| ३६ | अन्य सेवा शुल्क | २२४१९ | राजस्व बाँडफाँड - संघीय सरकार | 300000 | 295500 | | 4500 |
| ३७ | विविध कार्यक्रम खर्च | २२५२९ | राजस्व बाँडफाँड - संघीय सरकार | 500000 | | | 500000 |
| ३८ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | राजस्व बाँडफाँड - संघीय सरकार | 2000000 | 500000 | | 1500000 |
| ३९ | भ्रमण खर्च | २२६१२ | राजस्व बाँडफाँड - संघीय सरकार | 500000 | | | 500000 |
| ४० | विविध खर्च | २२७११ | आन्तरिक श्रोत | 500000 | | 500000 | 1000000 |
| ४१ | विविध खर्च | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार | 2000000 | | | 2000000 |
| ४२ | सभा सन्चालन खर्च | २२७२१ | आन्तरिक श्रोत | 1000000 | | | 1000000 |
| ४३ | अन्य सामाजिक सहायता | २७२१९ | आन्तरिक श्रोत | 1500000 | | | 1500000 |
| ४४ | घरभाडा | २८१४२ | राजस्व बाँडफाँड - संघीय सरकार | 1000000 | 400000 | | 600000 |
| ४५ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | राजस्व बाँडफाँड - संघीय सरकार | 250000 | | | 250000 |
| ४६ | वडाको प्रशासनिक खर्च तर्फका कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | 7700000 | 1500000 | | 6200000 |
| ४७ | वडाको प्रशासनिक खर्च तर्फका कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | | | 1500000 | 1500000 |
| ४८ | भैपरी आउने चालु खर्च | २२५२२ | आन्तरिक श्रोत | 2900000 | | | 2900000 |
| ५० | आ.व.०७८।०७९ को भुक्तानि दिन बाकि दायित्वहरु अनुसुचि "क" बमोजिम | २२५२२ | आन्तरिक श्रोत | 7523992 | | | 7523992 |
| ५१ | लक्षित वर्ग कार्यक्रम(अपाग समन्वय समितिले निर्णय गरे बमोजिम ) | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | 1000000 | 800000 | | 200000 |
| ५२ | लक्षित वर्ग कार्यक्रम(अपाग समन्वय समितिले निर्णय गरे बमोजिम ) | २२५२२ | आन्तरिक श्रोत | | | 800000 | 800000 |
| | कुल जम्मा | | | 178173992 | 17595500 | 14800000 | 175378492 |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत